annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २४० पृष्ठ ८ | काठमाडौं, शनिबार २० पुस २०८१ | पौष शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४५ | SATURDAY, JANUARY 4, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# जहाँ अकालमा बच्चा नगुमाएको घरै छैन

धनुषाको लालगढस्थित माझीटोल, जहाँ अकालमा बच्चा नगुमाएको घर नै छैन। ९ सन्तानलाई जन्म दिँदा पनि एउटै बाँकी नरहेर आमाको कोख रित्तो भएका 'कारुणिक र दर्दनाक' घटनाका पात्र यहाँ भेटिन्छन्। मिथिला नगरपालिका- १० मा पर्ने यो बस्तीका बासिन्दाले पुस–माघको कठ्याङ्ग्रिने जाडो र शीत लहरमा पनि 'सिरक र डसना'सम्म देख्न पाउँदैनन्। अधिकांश बालबालिका चिसोकै कारण अकालमा मृत्युवरण गर्न पुग्छन्। अशिक्षा, गरिबी, भोक, रोग र शोकले थलिएको माझी बस्तीमा 'विकास' भन्ने कुन चराको नाम हो थाहा छैन।

समाचार पृष्ठ २

राजकरण महतो | *काठमाडौं*
– को रिपोर्ट




**चारमहिने छोरी राधा माझीको मृत्यु भएपछि शोकाकुल बनेकी आमा सरिता माझी। साथमा उनका दुई छोरी।** ● राजकरण महतो

## भित्री पृष्ठ



पशुपतिमा प्रेसिडेन्ट कार्टर - *पृष्ठ ३*



रसिलो जीवनका लागि रजनोवृत्ति बहस - *पृष्ठ ४*



राई माइलाले देशै छाड्यो रे ! - *पृष्ठ ५*



उत्पादनमूलक क्षेत्रमा लगानी गर्न बैंकलाई सुझाव - *पृष्ठ ७*

# कर्मचारीको सेवा प्रवेश गर्ने उमेर हद घटाउन प्रस्ताव

## खुलामा ३२, समावेशीमा ३७ वर्ष

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

लोकसेवा आयोगले कर्मचारीको सेवा प्रवेशको उमेर घटाउन सुझाव दिएको छ। लोकसेवा प्रवेशका लागि खुलाको हकमा ३२ वर्ष उमेर हद सीमा निर्धारण गर्न आयोगले प्रस्ताव गरेको छ। समावेशी समूहका (महिला र अपांग)को हकमा ३७ वर्ष सीमा प्रस्ताव गरेको छ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले लिखित रूपमा कर्मचारीको सेवा प्रवेशको उमेर घटाउन प्रस्ताव गरेका हुन्। हाल निजामती सेवा ऐनमा खुलाको हकमा ३५ वर्ष र समावेशीको हकमा ४० वर्ष सेवा प्रवेशको उमेर हद छ। अध्यक्ष रेग्मीले अन्य देशको अभ्यासको आधारमा नै यो प्रस्ताव गरेको बताएका छन्। भारतमा २१ देखि ३० वर्षसम्म र सरकारी सेवा प्रवेश गरिसकेकाको हकमा ३५ वर्ष रहेको उल्लेख छ। बंगलादेशमा सेवा प्रवेशको उमेर हद २१ देखि ३० वर्ष र समावेशीका लागि ३२ वर्ष छ। भुटानमा खुला २१ देखि ३५ वर्ष, पाकिस्तानमा २१ देखि ३० तथा समावेशीमा २ वर्ष थप रहेको उल्लेख छ।

### अवकाशको उमेर हद ६० वर्ष

निजामती कर्मचारीको अनिवार्य अवकाशको उमेर हद ६० वर्ष बनाउनु पर्ने लोकसेवाको प्रस्ताव छ। हाल कर्मचारीको अवकाशको उमेर हद ५८ वर्ष छ। अनिवार्य अवकाशको उमेर ६० वर्ष कायम गरी ऐन प्रारम्भ भएको मितिले सो आर्थिक वर्षसम्म ५८ वर्ष, दोस्रो आर्थिक वर्षसम्मका लागि ५९ वर्ष र तेस्रो आर्थिक वर्षदेखि ६० वर्ष कायम हुने व्यवस्था गर्ने प्रस्ताव गरिएको छ।



समावेशितालाई आवश्यकताको आधार एवं लक्षित वर्गमुखी र आर्थिक सूचकमा आधारित आरक्षणको व्यवस्था गर्नुपर्छ।

**माधवप्रसाद रेग्मी,**
अध्यक्ष, लोग सेवा आयोग

एकैपटक ६० वर्षको उमेरहद लागू गर्दा बढुवाको नजिक रहेका कर्मचारीलाई असर पर्ने, विश्वविद्यालयबाट नयाँ सेवा प्रवेश आकांक्षा राखेका उम्मेदवारहरूलाई समेत प्रतिकूल असर पर्ने र अवसरको अभावमा पलायन हुने अवस्था सिर्जना हुने लोकसेवाको मत छ।

हाल भएको ५८ वर्षको उमेरहदबाट एकैपटक ६० वर्ष पुर्‍याउँदा त्यसबाट प्रत्यक्ष/अप्रत्यक्ष रूपमा पर्ने प्रतिकूल प्रभावको गाम्भीर्यतालाई न्यून गर्न पनि यो प्रस्ताव गरिएको बताइएको छ।

२०५९ सालमा नै पहिलो पटक ६० वर्षको उमेर हद कायम हुनुपर्ने भनी परामर्श दिइसकेको उल्लेख आयोगको प्रस्तावमा छ। लोकसेवा आयोगका अनुसार भारत, पाकिस्तान र श्रीलंकामा पनि ६० वर्ष छ भने डेनमार्क, नर्वे, अमेरिका, फिनल्यान्डजस्ता देशमा ६७ वर्षसम्म अवकाश उमेर हद रहेको छ।

### एकमात्र आधिकारिक ट्रेड युनियन

लोकसेवाले एकमात्र आधिकारिक ट्रेड युनियन रहने प्रस्ताव गरेको छ। दलगत कर्मचारी युनियन आवश्यक नरहेको उसको आधार छ।

» बाँकी पृष्ठ ६

## कोरियाका राष्ट्रपति पक्राउ गर्ने प्रहरी प्रयास असफल

**सोल** (एजेन्सी) : महाभियोगपछि निलम्बित दक्षिण कोरियाका राष्ट्रपति पक्राउ गर्ने दक्षिण कोरियाको प्रहरीको प्रयास विफल भएको छ।

करिब ६ घण्टा लामो संघर्षपछि दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योललाई पक्राउ गर्ने प्रहरीको कदम रोकिएको हो। युनको सुरक्षामा रहेको सेनाको टोलीले मानव पर्खाल बनाएर पक्राउ गर्न आएका प्रहरीको बाटो छेकेको कोरियाली समाचार संस्था योन्हापले जनाएको छ। युनको सुरक्षा दस्ता तथा दक्षिण कोरियाली सेनाले प्रहरीलाई रोक्नका लागि बाटोमा सवारीसाधनसमेत तेर्स्याएको थियो।

युनमाथि शक्तिको दुरुपयोग गरेको र सैन्य कानुन लागू गर्न खोजेको भन्दै महाभियोग प्रस्ताव संसद्मा पुगेको छ। संसद्मा महाभियोग प्रस्ताव पुगेपछि उनी निलम्बित भएका थिए। दक्षिण कोरियामा संसद्को महाभियोग प्रस्तावको अन्तिम निर्णय संवैधानिक अदालतले गर्छ।

तर, तीन पटक बोलाउँदा पनि युन अदालतमा उपस्थित नभएपछि उनलाई पक्राउ गर्ने अनुमति दिएको थियो। त्यही आधारमा प्रहरीको टोली शुक्रबार युनलाई पक्राउ गर्न गएको थियो।

# विद्यार्थीको अर्गानिक करेसाबारी

**रमेश बस्ताकोटी** | *नवलपुर*

कावासोतीस्थित जनविकास विद्याश्रममा कक्षा ७ मा अध्ययनरत सन्दीप शर्मालाई बिदाको दिन पनि स्कुल जान हतारो हुन्छ। तर, बिदाको दिन किताबकापी बोकेर होइन, कुटो र कोदालो लिएर स्कुल जान्छन्। विद्यालयले अर्गानिक करेसाबारी बनाइरहेको छ। दिवा खाजामा प्रयोग गर्ने तरकारीलगायत सागपात त्यही करेसाबारीमा उत्पादन हुन्छन्। त्यसकै लागि उनी बिदाको दिन पनि स्कुल जान्छन्।

'हामीलाई श्रम गर्न पनि सिकाएको छ, बिदाको सदुपयोग पनि भएको छ,' उनी भन्छन्,' आफ्नो खाजा आफैं जुटाउन पनि सहज भएको छ।' दिवा खाजामा बजारिया (बाहिरका) सामान प्रयोग गर्नुभन्दा आफैंले उत्पादन गरेका अर्गानिक वस्तु प्रयोग गर्दा स्वास्थ्यलाई पनि फाइदा पुग्ने उनको भनाइ छ। उनीजस्तै विद्यालयको ईको क्लब, जुनियर रेडक्रस सर्कल र बाल क्लबमा आबद्ध विद्यार्थी बिदाको दिन विद्यालय पुग्छन्। शिक्षक र अभिभावकको रोहबर र सहयोगमा करेसाबारीमा श्रम गर्छन्।



प्रधानाध्यापक प्रेमप्रसाद न्यौपानेले विद्यालयले सुरु गरेको अर्गानिक करेसाबारी अभियान प्रभावकारी भएको बताए। उनले भने, 'बाबुनानीहरूलाई सरकारले दिने दिवा खाजाको बजेट अत्यन्त न्यून छ, त्यसले मात्र उनीहरूलाई पुग्दैन। थप पौष्टिक खाजा दिनका लागि हामी आफैंले यो अभियान सुरु गरेका हौं', न्यौपानेले भने। न्यौपानेले यस कार्यक्रमका कारण विद्यार्थीको यसप्रति रुचि बढेको मात्र नभई श्रम गर्ने संस्कारको समेत विकास भएको बताए। 'सरकारले विद्यार्थी हाजिर भएको दिनमा प्रतिविद्यार्थी १५ रुपैयाँमात्र दिवा खाजाबापत दिन्छ। अहिलेको समयमा यो पर्याप्त छैन। त्यसकारण हामीले विद्यार्थीकै सहभागितामा यो कार्यक्रम चलाएका हौं', उनले भने। न्यौपानेले अभिभावकको समेत समर्थन र सहयोग रहेको भन्दै कार्यक्रम प्रभावकारी बन्दै गएको बताए। 'कावासोती नगरपालिकाले समेत यस कार्यक्रममा सहयोग गरेको छ, नगरपालिकाकै सहयोगमा सुरु गरेका हौं। अन्य विद्यालयमा पनि यस्ता कार्यक्रम चलेका छन्', न्यौपानेले भने। कावासोती नगरपालिकाले यस वर्ष २२ वटा विद्यालयमा विद्यालय करेसाबारी कार्यक्रम लागू गरेको छ। नगरपालिकाले प्रतिविद्यालय २५ हजार रुपैयाँ सुरुवातमा करेसाबारी सञ्चालनका लागि अनुदान दिएको छ।

कावासोती नगरपालिकाकै त्रिभुवन बाल मावि ढोकीमा विगत चार वर्षदेखि यो कार्यक्रम सञ्चालित छ। विद्यालयका प्रधानाध्यापक दीपकनाथ घिमिरेले सीपसँगै सिकाइको रूपमा यो कार्यक्रम सञ्चालन गरिरहेको बताए। उनले भने, 'घरघरमा करेसाबारी, खाने आफ्नै तरकारी' भन्ने नाराका साथ यो अभियान सञ्चालन गरिरहेका छौं।' उनले यस कार्यक्रममा सहभागी विद्यार्थीले आफ्नो घरमा पनि करेसाबारी बनाउने गरी उनीहरूलाई सीप सिकाएको बताए। 'विद्यालयको करेसाबारीमा उत्पादित वस्तु दिवा खाजामा प्रयोग गरेर पनि बढी भएको हामीले बेचिरहेका छौं, यसले हाम्रा विद्यार्थीलाई माटोलाई प्रेम गर्न सिकाएको छ। उनीहरूलाई श्रम गर्नुपर्छ भनेर सिकाएको छ', उनले भने। उनले कार्यक्रमबाट विद्यार्थी र अभिभावक सबै उत्साहित रहेको बताए। 'एक त यसले विद्यार्थीमा श्रम गर्ने संस्कारको विकास हुँदै गएको छ, अर्को यसले उनीहरूकै लागि खाजा जुटाउन पनि सहज भएको छ', उनले भने।

उनले यस कार्यक्रमले विद्यार्थीको पढाइमा असर नगर्ने बताए। 'बिदाको दिनमा र शुक्रबार अतिरिक्त क्रियाकलापको दिनमा विद्यार्थीले करेसाबारीमा काम गर्ने भएकाले पढाइलाई असर गर्दैन, बिदाको दिनमा सबै आउन अनिवार्य हैन, पालो मिलाएर काम गर्छन्', उनको भनाइ छ।

» बाँकी पृष्ठ ६